ब्याँस गाउँपालिकाको  आ. व. २०८०/०८१ को बजेट बक्तब्य

प्रस्तुत मितिः २०८०/०३/०८

# आर्थिक वर्ष २०८०।०८१ को
# बजेट वक्तव्य

ब्याँस गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

सुन्सेरा, दार्चुला

सभाध्यक्ष महोदय,

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ (१) बमोजिम ब्याँस गाउँपालिका उपाध्यक्षको हैसियतले ब्याँस गाउँपालिका गाउँ सभाको तेह्रौ अधिवेशनमा आगामी आर्थिक वर्ष २०८०।०८१ को बजेट प्रस्तुत गर्न उपस्थित भएको छु । यस अवसरमा लोकतन्त्र प्राप्ती तथा संघीय लोकतान्त्रीक गणतन्त्र स्थापनाका लागि समय-समयमाभएका राजनीतिक आन्दोलनमा जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात सहिदहरु प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु।

आगामी आर्थिक वर्षको बजेट तर्जुमा गर्दा नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, नेपालको दीर्घकालीन विकास लक्ष्य, पन्ध्रौ योजना, विनियोजन विधेयक २०८०, कार्यपालिका सदस्यहरुबाट प्राप्त सुझाव, राजस्व परामर्श समितिको प्रतिवेदन, बजेट तथा कार्यक्रम तर्जुमा समितिको सुझावलाई मार्गदर्शनको रुपमा लिएको छु । ब्याँस गाउँपालिकावासी आम नागरिक, नागरिक समाज, सञ्चार जगत, राजनीतिक दल, विद्धतवर्ग, निजी क्षेत्र, पिछडिएका वर्ग सहित सरोकारवालाबाट प्राप्त सुझाव समेतलाई आधार लिएको छु।

ब्याँस गाउँपालिकाको विकासमा देखिएका समस्या एवं चुनौतीहरुलाई सम्बोधन गर्दै अर्थतन्त्रलाई गतिशील बनाउने, निजी क्षेत्रको मनोबल उच्च पार्दै आम जनताको विकास र समृद्धिको चाहानालाई सम्बोधन गर्ने तथा सिमान्तकृत पछाडि परेका वर्ग, क्षेत्र, लिङ्ग र समुदायलाई आर्थिक लाभको पहुँचमा पुर्याउने तर्फ बजेट तथा कार्यक्रम लक्षित गरेको छु।

मैले आगामी आर्थिक वर्षको बजेट तर्जुमा गर्दा ब्याँसबासी जनताको जनअपेक्षालाई सम्बोधन गर्ने र गाउँपालिकाको विकासमा देखिएका अप्ठ्याराहरु हटाई आम नागरिकमा आसा र भरोसाको सञ्चार गर्ने जिम्मेवारी बोध गरेको छु। राजनीतिक दल, जनप्रतिनिधि, सार्वजनिक प्रशासन, संघ संस्था, नागरिक समाज, सञ्चार जगत र आम नागरिकको सहयोग र ऐक्यवद्धताबाट गाउँपालिकाको विकासमा देखिएका विद्यमान चुनौतीको सामना गर्दै बजेटले लिएको लक्ष्य हासिल गर्न सकिने विश्वास लिएको छु।

आगामी बजेट समृद्धि, सुशासन र सामाजिक न्याय कायम गर्न लक्षित हुनेछ । ब्याँस गाउँपालिकाका बेरोजगार युवाहरुलाई ब्याँस भित्रै आर्थिक गतिविधिमा आवद्ध हुन अभिप्रेरित गर्ने, उद्यमशिलता विकास गरि गरिबी न्युनीकरण गर्ने, सार्वजनिक सम्पतिको जगेर्ना गर्ने तथा स्रोत र साधनको प्रभावकारी एवं परिणाममुखि परिचालन गर्ने दिशामा बजेट उन्मुख रहेको छ।

**सभाध्यक्ष महोदय,**

अब म चालु आर्थिक वर्षको बजेट कार्यान्वयनको समिक्षा प्रस्तुत गर्ने अनुमति चाहान्छु ।चालु आर्थिक वर्ष २०७९।०८० का लागि रु ४८ करोड ७५ लाख ७८ हजार २ सय ४७ रुपैयाँ बजेट विनियोजन भएकोमा चालु तर्फ विनियोजित रकम रु २६ करोड ६५ लाख ७३ हजार ३ सय ५ मध्ये २०८० जेठ मसान्त सम्म रु १६ करोड ३

लाख ८ हजार ५ सय ६३ दशमलब शुन्य तीन रुपैयाँ खर्च प्रगति देखिएको छ। जुन कुल चालु बजेटको ६० दशमलब एक चार प्रतिशत हुन आँउछ। त्यसै गरि पूँजिगत तर्फको रु २२ करोड १० लाख ४ हजार ९ यस ४२ रुपैयाँ मध्ये रु ९ करोड ५९ लाख ५७ हजार ५ सय ४० खर्च प्रगति भएको छ, जुन कुल पूँजिगत बजेटको ४३ दशमलव चार दुई प्रतिशत हुन आँउछ। यस प्रकार कुल खर्च २५ करोड ६२ लाख ६६ हजार १ सय ३ दशमलव शुन्य तीन भएको छ। जुन कुल बजेटको ५२ दशमलब ५५ प्रतिशत खर्च प्रगति हुन गएको छ।

**सभाध्यक्ष महोदय,**

अब म ब्याँस गाउँपालिकाको बजेट प्रणालीमा देखिएका मुख्य चुनौतीहरु संक्षेपमा प्रस्तुत गर्न चाहान्छु। संघ र प्रदेश सरकारबाट प्राप्त हुने अनुदान रकम समयमा प्राप्त नहुने तथा अनुमान गरिए अनुसार प्राप्त नहुनाले गाउँपालिका अन्तरगत रहेका सम्पुर्ण विकास निर्माणका क्षेत्रहरुमा यथेष्ट बजेट विनियोजन हुन नसक्नु हाम्रो सामु चुनौतीको रुपमा रहेको छ। राजस्व प्रणालीमा सुधार, चुहावट नियन्त्रण र करको दायरा विस्तार गरि राजस्व परिचालन वृद्धि गर्नुपर्ने आवश्यकता महसुस गरेको छु। अप्रत्यक्ष एवं आयातमा आधारित राजस्वलाई क्रमश: प्रत्यक्ष एवं आन्तरिक उत्पादनमा आधारित बनाई राजस्व संरचनामा परिवर्तन गर्नु चुनौतीपूर्ण रहेको छ।

ब्यास गाउँपालिकाको सार्वजनिक प्रशासनलाई व्यवसायिक, दक्ष र नतिजामुखी बनाई स्थानीय सरकारको उद्धेश्य प्राप्तिमा प्रभावकारी रुपमा परिचालन गर्नु चुनौतीपुर्ण रहेको छ। चालु आर्थिक वर्षमा पुँजीगत खर्चको प्रभावकारीता बढ्न सकेको छैन। स्थानीय स्रोत साधनको समुचित परिचालन मार्फत सार्वजनिक खर्चलाई उपलब्धीमुलक बनाउने चुनौती हाम्रो सामु रहेको छ।

साधारण खर्चलाई बाञ्छित सिमाभित्र राख्ने र विनियोजन दक्षता तथा कार्यान्वयन संयन्त्रको क्षमता अभिबृद्धि गर्ने उद्धेश्यका साथ बजेट प्रणालीमा सुधारको प्रस्ताव गरेको छु। यसबाट सार्वजनिक खर्चलाई प्रभावकारी र उपलब्धीमुलक बनाउन सहयोग पुग्ने अपेक्षा गरेको छु।

माथि उल्लेखित चुनौतीहरुलाई मनन् गर्दै सरकारी, निजी र सहकारी क्षेत्रको लगानी विस्तार गरि उत्पादन, उत्पादकत्व र रोजगारी अवसर बढाउने, आर्थिक तथा सामाजिक पुर्वाधार निर्माण गरि गाउँपालिकाको दिगो विकासको आधार तयार गर्ने तर्फ जोड दिएको छु। सार्वजनिक स्रोतको समुचित तथा उपलब्धिमुलक परिचालन गर्नुका साथै उपलब्ध स्रोत साधन तथा लाभको समन्यायिक वितरण गरि धनी र गरिब बीचको खाडल कम गर्नुपर्ने आवश्यकता महसुस गरि बजेटका उद्धेश्य तथा प्राथमिकता तय गरेको छु।

**सभाध्यक्ष महोदय,**

अब म यस बजेटका उद्देश्य तथा प्राथमिकता प्रस्तुत गर्ने अनुमति चाहान्छु। उत्पादनशीलता र रोजगारी बृद्धि: समावेशी विकास भन्ने ध्येयका साथ प्रस्तुत आर्थिक वर्ष २०८०।०८१ को बजेटका उद्देश्यहरु देहाय बमोजिम रहेका छन्:

1. गाउँपालिकाको विकासलाई फराकिलो, दिगो, समावेशी र जनमैत्री बनाउनु,
2. गुणस्तरिय सामाजिक विकास, सुरक्षा र न्यायको प्रत्याभूति गर्नु,
3. लगानीमैत्री वातावरण निर्माण गरि निजी क्षेत्रको मनोबल उच्च पार्ने र आय तथा रोजगारीका अवसर सिर्जना गरि गरिबी न्युनीकरण गर्नु,
4. बजेट प्रणालीमा सुधार गरी सार्वजनिक खर्चको प्रभावकारीता अभिबृद्धि गर्नु,

बजेटका प्राथमिकताहरु निम्नानुसार रहेका छन्

1. कृषि क्षेत्रको रुपान्तरण,
2. गाउँपालिका, निजी र सहकारी क्षेत्रको सहकार्यमा उत्पादन र उत्पादकत्व बृद्धि, रोजगारी सिर्जना र गरिवि निवारण,
3. नव प्रर्वतनमा आधारित स्थानीय विकास,
4. पूर्वाधार विकास,
5. ग्रामीण विद्युतीकरण,
6. पर्यटन क्षेत्रको पुर्नउत्थान,
7. वातावरण संरक्षण, विपद् व्यवस्थापन तथा जलवायु परिवर्तनका जोखिम न्युनीकरण,
8. प्रभावकारी सार्वजनिक सेवा र सुशासन प्रवर्द्धन,
9. दिगो विकास,
10. परम्परागत धर्म संस्कृतिको संरक्षण एवं सम्वर्द्धन,
11. आधुनिक एवं गुणस्तरीय स्वास्थ्य सेवा,
12. सूचना तथा सञ्चार क्षेत्रको स्तरोन्नति,
13. नि:शुल्क एवं आधुनिक शिक्षा,
14. परामर्श सेवा,
15. आत्मनिर्भर तथा क्षमता अभिवृद्धिका लागि सिपमुलक तालिम,
16. युवा स्वरोजगार तथा आय आर्जनमा वृद्धि।

**सभाध्यक्ष महोदय,**

अब म बजेटको स्रोतको व्यवस्था र विनियोजन प्रस्तुत गर्न अनुमति चाहन्छु। आर्थिक वर्ष २०८०।०८१ मा ब्याँस गाउँपालिकाको लागि संघीय सरकारबाट प्राप्त हुने

- राजस्व वाडफाडको रकम रु ८ करोड ३८ लाख ६९ हजार ७ सय,
- प्रदेश सरकारबाट प्राप्त राजस्व वाडफाडको रकम रु २० लाख २३ हजार,
- स्थानीय सरकारको बिभाज्यकोषमा संकलन हुने रकम ४० हजार,
- संघ वित्तीय समानीकरण रु ८ करोड ५५ लाख,
- संघ सशर्त अनुदान १४ करोड ६९ लाख,
- संघ समपुरक अनुदान २ करोड २० लाख,
- संघ विशेष अनुदान रु १ करोड,
- प्रदेश वित्तीय समानीकरण ७० लाख ७२ हजार,
- प्रदेश समपुरक अनुदान ५५ लाख,
- प्रदेश विशेष अनुदान २५ लाख,
- गत वर्षको मौज्दात रु १ करोड ५० लाख
- आन्तरिक आय रु ४१ लाख २० हजार गरी

कुल रु ३८ करोड ४५ लाख २४ हजार ७ सय आय अनुमान गरिएको छ।

ब्याँस गाउँपालिकाको आगामी आर्थिक वर्ष २०८०।०८१ को व्यय तर्फ

- वडा स्तरीय योजना तथा कार्यक्रम खर्च रु ९० लाख,
- विषयगत शाखाहरुको चालु तथा पुँजीगत कार्यक्रम खर्च रु १ करोड ३० लाख
- प्रदेश विशेष कार्यक्रममा २५ लाख,
- प्रदेश समुपुरक अनुदान अन्तरगत ५५ लाख,
- संघ समपुरक २ करोड २० लाख,
- संघ विशेष अनुदान अन्तरगत १ करोड,
- गाउँ कार्यपालिका चालु प्रशासनीक खर्च ८ करोड ३९ लाख ९ हजार ७ सय,
- ब्याँस गाउँपालिकाको प्रशासकीय भवन निर्माणमा २ करोड २७ लाख,
- सम्पाल मावि भवनको भुक्तानी बाँकीमा३५ लाख,
- झोलुङ्गे पुल जोड कोषमा १५ लाख,
- मनसुनजन्य पुर्ननिर्माण कार्यक्रम जोड कोषमा ५ लाख,

- जोड कोष चालु ५ लाख, मर्मत सम्भार कोष ५ लाख,
- आकस्मिक कोषमा ५ लाख,
- उपचार कोषमा १० लाख,
- विपद् व्यवस्थापन कोषमा ६५ लाख,
- तिमुरपाटा-हुँती-धौलाकोट- मडगाउँ हुँदै माल सडक क्रमागत समपुरक जोड कोषमा १ करोड,
- श्री रानिस्थान ब्रह्ममन्दिर धार्मिक तथा पर्यटकीय स्थल निर्माणमा ५० लाख,
- २ नं वडा कार्यालयको भवन निर्माण क्रमागतका लागि ३७ लाख,
- ५ नं वडा कार्यालय भवन निर्माण क्रमागतमा २० लाख,
- ६ नं वडा कार्यालय भवन निर्माण क्रमागतमा २५ लाख,
- चालु आर्थिक वर्षका विभिन्न क्रमागत तथा आगामी आर्थिक वर्षका योजनाहरुमा १ करोड ६३ लाख १५ हजार ,
- शिक्षा,स्वास्थ्य, रोजगार सेवा केन्द्र, कृषि, पशु, उद्यम विकास, बहुक्षेत्रीय पोषण, राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण लगायतका क्षेत्रहरुमा कार्यरत कर्मचारीहरुको तलब भत्ता र कार्यक्रम खर्च साथै झोलुङ्गे पुल, युवा रोजगारीका लागि रुपान्तरण पहल परियोजना, राष्ट्रिय ग्रामीण तथा नवीकरणीय उर्जा कार्यक्रम, स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम अन्तरगत १५ शैया अस्पताल भवन निर्माण लगायतका क्षेत्रहरुका लागि संघ सशर्त अनुदान तर्फ १४ करोड ६९ लाख,
- अनुमानित आन्तरिक स्रोत (अल्या)तर्फ १ करोड ५० लाख गरि

जम्मा रु ३८ करोड ४५ लाख २४ हजार ७ सय व्यय अनुमान गरिएको छ।

**सभाध्यक्ष महोदय,**

आर्थिक वर्ष २०८०।०८१ को अनुमानित आय-व्ययको विवरण अनुसूचीमा उल्लेख गरेको छु। आर्थिक वर्ष २०८०।०८१ को बजेटको कार्यान्वयनबाट मुलुकको आर्थिक बृद्धिमा योगदान पुग्ने, कृषि क्षेत्रको रुपान्तरणको आधार निर्माण हुने, आधारभूत पुर्वाधार निर्माण हुने, सामाजिक क्षेत्रमा लगानीको माध्यमबाट गुणस्तरीय जीवनोपयोगी शिक्षा तथा आधारभूत स्वास्थ्यसेवाको पँहुच बृद्धि हुने, गरिबीमा कमि आउने र सामाजिक सुरक्षाका कार्यक्रम मार्फत सामाजिक न्यायको जग मजबुत भई समावेशी विकास हुने तथा न्यायपूर्ण समाज निर्माणमा योगदान पुग्ने अपेक्षा लिएको छु।

सिंचाई, तटबन्धन मार्फत विपद् व्यवस्थापन, विद्युत सेवाको विस्तार, सडक र सूचना प्रविधि सम्बन्धी आयोजनाहरुको कार्यान्वयनबाट सामाजिक र आर्थिक विकासको आधारशीला निर्माण हुने अपेक्षा लिएको छु। कृषि तथा पर्यटन, लघु उद्योग, विद्युत र सेवा लगायतका क्षेत्रमा थप रोजगारी सिर्जना हुने अपेक्षा लिएको छु।

प्रस्तुत बजेट तर्जुमाको क्रममा मार्गदर्शन र रचनात्मक सुझाव प्रदान गर्नुहुने गाउँपालिका अध्यक्ष, गाउँ सभाका सदस्यहरु, वडा समिति, विषयगत समितिहरु लगायत गाउँ कार्यपालिकाको कार्यालय प्रति हार्दिक सम्मान एवं आभार व्यक्त गर्दछु । अन्त्यमा सबै ब्याँसबासी दिदीवहिनी तथा दाजुभाइहरुलाई ब्याँसको विकास र ब्याँसी नागरिकहरुको जीवनस्तरमा उल्लेखनीय रुपमा परिवर्तन ल्याउन एकजुट हुन समेत हार्दिक अनुरोध गर्दछु ।

धन्यबाद ।

**अनुसूची-१(ख)**

**दफा३ (२) सँग सम्बन्धित**

**नेपालकोसंविधानको धारा २२९ (२) बमोजिम**

**राजश्वअनुमान**

| शीर्षक | आ.व. २०७९।०८० को लक्ष्य | आ.व. २०८०।०८१ को लक्ष्य |
|---|---|---|
| **राजस्वः** | **492,112,247.00** | **384,524,700.00** |
| **आन्तरिकराजस्वः** | 3,000,000.00 | 4,120,000.00 |
| सम्पत्ती, बहाल तथा पट्टा वापतको आयमा लाग्ने कर | 200,000.00 | - |
| सम्पती कर | | 1,000,000.00 |
| भूमिकर/मालपोत | 500,000.00 | 500,000.00 |
| घर बहाल कर | | 100,000.00 |
| बहाल विटौरी कर | | |
| अन्य मनोरञ्जनकर | | |
| कृषि तथा पशुजन्य कारोबामा लाग्ने कर | | 50,000.00 |
| अन्य कर | 800,000.00 | 300,000.00 |

| | | |
|---|---|---|
| सरकारी सम्पतिको बहालबाट प्राप्त आय (एम्बुलेन्स भाडा) | | 1,200,000.00 |
| अन्य स्रोतबाटप्राप्त रोयल्टी | | |
| पर्यटन शुल्क | | |
| पदयात्रा शुल्क | | |
| विद्युत सेवाशुल्क | | |
| अन्य सेवा शुल्क तथा बिक्रि | | |
| न्यायीक दस्तुर | | |
| अन्य प्रशासिक सेवा शुल्क (बोलपत्र विक्रि) | | |
| सिफारिस दस्तुर | 1,000,000.00 | 300,000.00 |
| व्यक्तिगत घटनादर्ता दस्तुर | | 50,000.00 |
| नाता प्रमाणितदस्तुर | | 20,000.00 |
| व्यवसायरजिष्ट्रेशन दस्तुर | | 100,000.00 |
| न्यायीक दण्ड, जरिवाना र जफत | | |
| प्रशासनिकदण्ड, जरिवाना र जफत | | |
| शिक्षाक्षेत्रको आम्दानी | | |
| अन्य राजश्व | | |
| व्यवसाय कर | 500,000.00 | 300,000.00 |
| बेरुजु असुली | | 200,000.00 |
| बैंक मौज्दात | | |
| **राजश्वबाँडफाँडः** | **88,126,247.00** | **85,932,700.00** |
| **राजश्वबाँडफाँड प्राप्ति** | | |
| **संघीय सरकारबाटप्राप्त** | **86,225,247.00** | **83,869,700.00** |
| बाँडफाँड भइ प्राप्त हुने मुल्य अभिवृद्धि कर | 86,225,247.00 | 83,869,700.00 |
| बाँडफाँड भइ प्राप्त हुने अन्त शुल्क | | |
| रोयल्टी (पर्वतारोहण, जलविधुत, वन, खनिज आदि) | | |
| **प्रदेशसरकारबाट प्राप्तः** | **1,901,000.00** | **2,023,000.00** |
| बाँडफाँड भइ प्राप्त हुने सवारी साधन कर | 1,901,000.00 | 2,023,000.00 |

| | | |
|---|---|---|
| बाँडफाँड भइ प्राप्त हुने प्रदेश राजश्व | | |
| **स्थानीयसरकारबाट प्राप्तः** | | **40,000.00** |
| बाँडफाँड भइ प्राप्त हुने घरजग्गा रजिष्ट्रेशन दस्तुर | | 10,000.00 |
| बाँडफाँड भइ प्राप्त हुने मनोरञ्जन कर | | 10,000.00 |
| बाँडफाँड भइप्राप्त हुने विज्ञापन कर | | 10,000.00 |
| बाँडफाँड भइ प्राप्त दहत्तर बहत्तरको बिक्रिबाट प्राप्त हुने आय | | 10,000.00 |
| **अन्य आयः** | **42,000,000.00** | **15,000,000.00** |
| गत वर्षको नगदमौज्दात | 42,000,000.00 | 15,000,000.00 |
| **अन्तर सरकारी वित्तीय हस्तान्तरणः** | **358,986,000.00** | **279,472,000.00** |
| **नेपाल सरकारबाटप्राप्त अनुदानः** | **339,685,000.00** | **264,400,000.00** |
| वित्तीयसमानीकरण अनुदान | 96,800,000.00 | 85,500,000.00 |
| सशर्त अनुदानचालु | 146,800,000.00 | 138,700,000.00 |
| सशर्त अनुदानपुँजीगत | 24,085,000.00 | 8,200,000.00 |
| विशेष अनुदान | 38,000,000.00 | 10,000,000.00 |
| समपूरक अनुदान | 34,000,000.00 | 22,000,000.00 |
| **प्रदेशसरकारबाट प्राप्त अनुदानः** | **19,301,000.00** | **15,072,000.00** |
| वित्तीयसमानीकरण अनुदान | 6,714,000.00 | 7,072,000.00 |
| सशर्त अनुदानचालु | | |
| सशर्त अनुदानपुँजीगत | | |
| विशेष अनुदान | 2,500,000.00 | 2,500,000.00 |
| समपूरक अनुदान | 10,087,000.00 | 5,500,000.00 |
| **अन्य स्थानीय तहबाट प्राप्त अनुदानः** | | |
| सशर्त अनुदान | | |
| समपूरक अनुदान | | |
| विशेष अनुदान | | |
| **जनसहभागिताः** | | |
| नगद सहभागिता | | |
| श्रम तथावस्तुगत सहायता | | |
| नोट-राजश्वका शीर्षकहरु नेपाल सरकारले तोके बमोजिम हुनेछ। स्थानीय तहका राजस्वशीर्षकहरु नतोकिए सम्म यसै बमोजिम गर्ने। | | |

**अनुसूची-2(क)**

**दफा ४ (१) सँग सम्बन्धित**

**नेपालको संविधानकोधारा २२९ (२) बमोजिम**

**संचित कोषबाटविनियोजन हुने बजेट सीमाको रकम**

आ.व.२०८०।०८१

| शीर्षक | | आ.व. २०८०।०८१को अनुमान |
|---|---|---|
| **आय अनुमान** | | **384,639,700.00** |
| 1 | **राजस्वः** | **105,167,700.00** |
| 2 | आन्तरिक राजस्व | 4,235,000.00 |
| 3 | संघीय सरकारबाटप्राप्त राजश्व बाँडफाँडको रकम | 83,869,700.00 |
| 4 | प्रदेश सरकारबाटप्राप्त राजश्व बाँडफाँडको रकम | 2,023,000.00 |
| 5 | स्थानीय सरकारबाटप्राप्त राजश्व बाँडफाँडको रकम | 40,000.00 |
| 6 | गत वर्षको मौज्दात (आन्तरिक स्रोत अल्या) | 15,000,000.00 |
| 7 | रोयल्टी (पर्वतारोहण, जलविधुत, वन, खनिज आदि) | - |
| 8 | अन्य आय | - |
| 9 | **अन्तर सरकारी वित्तीयहस्तान्तरण** | **279,472,000.00** |
| 10 | संघ वित्तीय समानीकरण | 85,500,000.00 |
| 11 | संघ सशर्त अनुदान | 146,900,000.00 |
| 12 | संघ समपुरक अनुदान | 22,000,000.00 |
| 13 | संघ विशेष अनुदान | 10,000,000.00 |
| 14 | प्रदेश वित्तीयसमानीकरण | 7,072,000.00 |
| 15 | प्रदेश समपुरक अनुदान | 5,500,000.00 |
| 16 | प्रदेश विशेष अनुदान | 2,500,000.00 |
| **बजेटको सीमा निर्धारण** | | |
| 1 | **गाउँपालिका** | |
| 2 | प्रशासकीय भवन निर्माण (क्रमागत) | 22,700,000.00 |
| 3 | वडानं. २ को कार्यालय भवन निर्माण (क्रमागत) | 3,700,000.00 |
| 4 | वडानं. ५ को कार्यालय भवन निर्माण (क्रमागत) | 2,000,000.00 |

| | | |
|---|---|---|
| 5 | वडानं. ६ को कार्यालय भवन निर्माण (क्रमागत) | 2,500,000.00 |
| 6 | सम्पालमा वि भवन निर्माण (भुक्तानी बाकी) | 3,500,000.00 |
| 7 | झोलुङ्गे पुल जोड कोष | 1,500,000.00 |
| 8 | मनसुनजन्यपुनर्निर्माण कार्यक्रम जोड कोष | 500,000.00 |
| 9 | जोड कोष चालु | 500,000.00 |
| 10 | जोड कोष पूजीगत | 10,172,000.00 |
| 11 | मर्मत सम्भार कोष (कार्यविधि) | 500,000.00 |
| 12 | आकस्मिककोष (कार्यविधि) | 500,000.00 |
| 13 | उपचारकोष (कार्यविधि) | 1,000,000.00 |
| 14 | विपद व्यवस्थापन कोष (कार्यविधि) | 6,500,000.00 |
| 15 | **गौरबका आयोजनाहरुः** | |
| 16 | तिमुरपाटा, हुति, धौलाकोट, मडगाउँ हुदै माल सडक (क्रमागत-संघ समपुरक जोड कोष) | 10,000,000.00 |
| 17 | श्री रानिस्थान ब्रहममन्दिर धार्मिक तथा पर्यटकीय स्थल निर्माण | 5,000,000.00 |
| 18 | **विषयगत शाखाहरुः** | |
| 19 | शिक्षा, युवा तथाखेलकुद शाखा | 3,000,000.00 |
| 20 | कृषि विकास शाखा | 2,000,000.00 |
| 21 | स्वास्थ्य शाखा | 3,000,000.00 |
| 22 | पशु विकास शाखा | 1,000,000.00 |
| 23 | महिला, बालबालिका तथाजेष्ठ नागरिक शाखा | 300,000.00 |
| 24 | सूचना प्रविधि शाखा | 200,000.00 |
| 25 | रोजगार सेवा केन्द्र | 200,000.00 |
| 26 | सामाजिक सुरक्षा तथापञ्जिकरण शाखा | 300,000.00 |
| 27 | बहुक्षेत्रीय पोषणकार्यक्रम | 100,000.00 |
| 28 | आयुर्वेद शाखा | 500,000.00 |
| 29 | लघु उद्यम कार्यक्रम | 100,000.00 |
| 30 | न्यायिक समिति | 1,500,000.00 |
| 31 | लक्षित वर्ग विशेषकार्यक्रम (कार्यविधि) | 800,000.00 |
| 32 | **५ वटै वडाको सिलिङः** | - |
| 33 | वडा नं. १ | 1,500,000.00 |
| 34 | वडा नं. २ | 1,500,000.00 |
| 35 | वडा नं. ३ | 1,500,000.00 |
| 36 | वडा नं. ४ | 1,500,000.00 |
| 37 | वडा नं. ५ | 1,500,000.00 |
| 38 | वडा नं. ६ | 1,500,000.00 |

| | | |
|---|---|---|
| 39 | आन्तरिक राजस्व (अल्या) | 15,000,000.00 |
| 40 | आन्तरिकराजश्व | 42,35,000.00 |
| 41 | स्थानीय सरकारबाटप्राप्त राजश्व बाँडफाँडको रकम | 40,000.00 |
| 42 | प्रदेशसरकारबाट प्राप्त राजश्व बाँडफाँडको रकम | 2,023,000.00 |
| 43 | संघीयसरकारबाट प्राप्त राजश्व बाँडफाँडको रकम | 83,869,700.00 |
| 44 | **जम्मा** | **197,624,700.00** |
| 45 | **संघ शशर्त अनुदान** | **146,900,000.00** |
| 46 | **संघ समपुरक अनुदान** | |
| 47 | तिमुरपाटा, हुति, धौलाकोट, मडगाउँ हुदै माल सडक (क्रमागत-संघ समपुरक जोड कोष) | **17,000,000.00** |
| 48 | श्री रानिस्थान ब्रहममन्दिर धार्मिक तथा पर्यटकीय स्थल निर्माण | **5,000,000.00** |
| 49 | **संघ विशेष अनुदान** | |
| 50 | माललिफ्टिङ खानेपानी योजना | **10,000,000.00** |
| 51 | **प्रदेश विशेष अनुदान** | |
| 52 | तिंकर पर्यटकीयपदमार्ग निर्माण | **2,500,000.00** |
| 53 | **प्रदेश समपुरक अनुदान** | |
| 54 | वडा नं. ६ कार्यालयभवन निर्माण | **2,500,000.00** |
| 55 | वडा नं. 5 कार्यालयभवन निर्माण (क्रमागत) | **3,000,000.00** |
| **कुल जम्मा** | | **384,639,700.00** |